# दुल्लू नगरपालिका
फोन : ०८९-४११०६५
फ्याक्स नं. : ०८९-४११०४१
# नगर कार्यपालिकाको कार्यालय
दुल्लु, दैलेख
कर्णाली प्रदेश, नेपाल


प.सं.०८२/०८३

मिति : २०८२/०४/२०

## सहिद स्मृति र घाईते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता वितरणका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेनद्रनगर सुर्खेतको च.नं. ५० मिति २०८२।०४।१९ गतेको पत्रानुसार सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका सहिद वा वेपत्ता परिवारका हकवालालाई सहित स्मृति भत्ता र घाईते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता वितरण गर्ने प्रयोजनका लागि **"सहित स्मृति भत्ता वितरण कार्यविधि, २०८१" र "घाईते अपांग भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८१"** को अनुसूची १ बमोजिम तपसिलका कागजातहरु संलग्न राखि आवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

सहित स्मृति भत्ताका लागि पेश गर्नुपर्ने कागजातहरु

१) हाकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२) हकवालाको मृतकसँगको नाता खुल्ने प्रमाणित कागजात,

३) सहित/वेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा नेपाल राजपत्रमा प्रकाशन भएको सहित तथा वेपत्ता नागरिकको विवरणको प्रतिलिपि वा वेपत्ता पारिएका व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपि,

४) हकवालाको बैंक खाता नम्बर खुल्ने कागजात

जीवन निर्वाह भत्ताका लागि पेश गर्नेपर्ने कागजातहरु

१) द्वन्द्व पीडित घाइते अपाङ्गता भएको व्यक्तको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२) नेपाल सरकारबाट जारी भएको घाइते अपाङ्गता परिचयपत्रको प्रतिलिपि वा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा सत्यनिरुपण तथा मेलमिलाप आयोगले जारी गरेको पीडित परिचयपत्रको प्रतिलिपि,

३) प्रदेश स्थापनाको लागि भएको आन्दोलनको क्रममा घाइते वा अपाङ्गता भएको व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको विवरण खुल्ने प्रमाणित कागजात वा सिफारिस,

४) बैंक खाता नम्बर खुल्ने कागजात ।

**निवेदन सहित कागजात पेश गर्ने अन्तिम मितिः- २०८२ साल श्रावण २८ गते कार्यालय समय भित्र**

बोधार्थः

श्री १ देखि १३ नम्बर वडा वडा कार्यालय (आवश्यक सहजिकरण गरिदिनहुन) ।

(तिलक वि.क.)

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

सहिद स्मृति भत्ता प्राप्तिका लागि दिइने निवेदनको ढाँचा

मिति: २०...... /.... /...

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

................................ न. पा./गा.पा., ................ जिल्ला

**विषयः सहिद स्मृति भत्ता उपलब्ध गराई पाउँ।**

म निवेदक जनआन्दोलन/सशस्त्र संघर्ष/प्रदेश प्राप्तिको आन्दोलनको सहिद तथा वेपत्ता पारिएका व्यक्तिको परिवारको नजिकको हकवाला सदस्य भएको हुँदा सहिद तथा बेपत्ता पारिएका परिवारका हकवालालाई "सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१" बमोजिम ..... नगरपालिका/गाउँपालिकाले मिति ...... मा प्रकाशित गरेको सूचनामा हकवालाको रुपमा मेरो नाम समावेश भएकोले कार्यविधि बमोजिमको भत्ता उपलब्ध गराई दिनहुन देहायका कागजात संलग्न राखी यो निवेदन पेश गरेको/गरेकी छु।

<u>संलग्न कागजात</u>

१) हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२) हकवालाको मृतकसँगको नाता खुल्ने प्रमाणित कागजात,

३) सहिद/वेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा नेपाल राजपत्रमा प्रकाशन भएको सहिद तथा बेपत्ता नागरिकको विवरणको प्रतिलिपि वा वेपत्ता पारिएका व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपि,

४) हकवालाको बैंक खाता नम्बर खुल्ने कागजात,

निवेदकको

दस्तखतः
नाम थरः
ठेगानाः
बाजेको नामः
बाबुको नामः
आमाको नामः
फोन नं.

अनुसूची-१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**जीवन निर्वाह भत्ता प्राप्तिका लागि दिइने निवेदनको ढाँचा**

मितिः २०...... /.... /...

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

................................न.पा./गा.पा.

................. ।

**विषयः जीवन निर्वाह भत्ता उपलब्ध गराई पाऊँ।**

म निवेदक जनआन्दोलन/सशस्त्र संघर्ष/प्रदेश स्थापनाको लागी भएको आन्दोलनको घाइते अपाङ्गता भएको व्यक्ति भएको हुँदा "घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८१" बमोजिम ............ नगरपालिका/गाउँपालिकाले मिति ...........मा प्रकाशित गरेको सूचनामा मेरो नाम समावेश भएकोले कार्यविधि बमोजिमको भत्ता उपलब्ध गराई दिनुहुन देहायका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।

**संलग्न कागजात:**

(१) द्वन्द्व पीडित घाइते अपाङ्गता भएको व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) नेपाल सरकारबाट जारी भएको घाइते अपाङ्गता परिचयपत्रको प्रतिलिपि वा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा सत्यनिरुपण तथा मेलमिलाप आयोगले जारी गरेको पीडित परिचयपत्रको प्रतिलिपि,

(३) स्थानीय तहले जारी गरेको अपाङ्गता परिचयपत्रको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस,

(४) प्रदेश स्थापनाको लागि भएको आन्दोलनको क्रममा घाइते वा अपाङ्गता भएको व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको विवरण खुल्ने प्रमाणित कागजात वा सिफारिस,

(५) बैंक खाता नम्बर खुल्ने कागजात।

<u>निवेदकको,</u>

दस्तखतः

नाम थरः

ठेगानाः

बाजेको नामः

बाबुको नामः

आमाको नामः

फोन नं.

कानून मन्त्रालय ... तथा कानून मन्त्रालय